नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक ९ २०८० साल साउन ११ गते बिहीबार (27 July 2023 Thursday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**




*यस अंक भित्र :* २ पृष्ठमा : साइबर सुरक्षाको चुनौती र.. ३ पृष्ठमा : तथ्याङ्कमा काठमाडौं जिल्ला : ... ३ पृष्ठमा हिन्दीलाई विश्वभाषा ....

# कोशी पीडितद्वारा निर्णायक आन्दोलनको घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

कोशी पीडितहरुले मुआब्जाको माँग गर्दै बारम्बार आन्दोलन गरेपनि कुनै समाधान नआएको भन्दै निर्णायक आन्दोलनको कार्यक्रम घोषणा गरेका छन् ।

कोशी पीडितहरुले बुधबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी यस्तो घोषणा गरेका हुन् । कोशी कटान डुवान पीडित संघर्ष समिती सुनसरी, उदयपुर र सप्तरीका संयोजक महिदेव प्रसाद चौधरीले पत्रकार सम्मेलनमा आगामी २३ साउनदेखी सप्तरी र सुनसरीको सीमामा पर्ने कोशी व्यारेज क्षेत्रमा अनिश्चितकालिन धर्ना, रिले अनशन र सभाको आयोजना गर्ने निर्णय भएको जानकारी दिएका छन् ।

आन्दोलनका लागी कोशी ब्यारेजमा तीन वटै जिल्लाका कोशी पीडितहरु भेला हुने तय भएको उनले बताए । बेला बेलामा आन्दोलन चर्काउदै आएका उनीहरुले अब भने निर्णायक आन्दोलन थालेको जनाएका छन ।

आन्दोलनका कार्यक्रम अन्तर्गत चतरादेखि कुनौली बोर्डर सम्मको कोशी योजनाद्वारा गरिने निर्माण कार्य पनि ठप्प पार्ने तय भएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

पत्रकार सम्मेलनमा संघर्ष समितीका कोषाध्यक्ष काशिम अन्सारीले तीनै जिल्लाका पीडितका लागी उचित स्थान भएको र भारतीय क्षेत्र पनि नजिक पर्ने भएकाले कोशी ब्यारेज मै आन्दोलन थालिने निर्णय भएको बताए ।

पत्रकार सम्मेलनमा संघर्ष समितीका बरिष्ठ सहसंयोजक दुर्गानन्द चौधरीले सप्तकोशी पीडितको समस्या समाधानका लागी भारतीय सरकारसंग कुटनीतिक पहल गर्न नेपाल उदासिन रहेको आरोप लगाए । उनले २०७१ साउनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आएका बेला २ देशमा प्रधानमन्त्री बीच कोशी पीडितको समस्या समाधान गर्ने सहमती भएपनि त्यो अहिले सम्म कार्यान्वयनमा नआएको बताए ।

कोशी सम्झौता हुदा

***बाँकी अन्तिम पृष्ठमा***

# संसद विकास कोष योजनाको आयब्यय सार्वजनिक गर्ने पहिलो प्रदेश सांसद बनिन् माला कर्ण

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

मधेश प्रदेशकी सांसद माला कर्णले संसद विकास कोष अन्तरगत आर्थिक वर्ष २०७९/८० मा आफूद्वारा संचालित योजनाहरु सार्वजनिक गर्ने जिल्लाको पहिलो सांसद बनेकी छिन् ।




बुधबार पत्रकार महासंघ सप्तरीको सभाकक्षमा पत्रकार सम्मेलनको आयोजना गर्दै उनले संसदीय विकास कोष अन्तरगतको योजना, उपभोक्ता समिति तथा रकम समेत सार्वजनिक गरिन् । संसद विकास कोषको ९५ लाख र प्रशासनिक खर्च वापतको ५ लाख गरि कुल १ करोड रुँपैयाको खर्च विवरण उनले सार्वजनिक गरेकी छिन् ।

उनले खडक नगरपालिकामा खडक बहुमुखी क्याम्पस भवन निर्माण, कृषि सडक निर्माण ग्राभेल, कल्भर्ट निर्माण, विश्राम स्थल निर्माण, पक्की नाला निर्माण, छठघाट निर्माण, ब्यूटिसियन र मैनवत्ती तालिम लगायतका योजना गत आर्थिक वर्षमा संचालनमा रहेको र त्यसमा कुल रकम ९५ लाख खर्च भएको बताइन् ।

जनताको प्रतिनिधि भएपछि आफूले गरेको कामको विवरण जनसमक्ष प्रस्तुत गर्नु आफ्नो जिम्मेवारी बुझेर मैले यो काम गरेको उनले बताइन् । नेकपा माओवादी केन्द्रबाट समानुपातिक सभा सदस्य रहेकी कर्णले भनिन्- सुशासन र पारदर्शीताका लागि पनि यस्ता कुरा जनतालाई जानकारी दिनुपर्दछ ।

कार्यक्रममा उनले आफूले पाउने मासिक पारश्रमिक तथा अन्य सुविधा वापतको रकमको विवरण समेत सार्वजनिक गरेकी छिन् । पत्रकारिताकै पृष्ठभूमीबाट प्रदेशसभा सदस्यको जिम्मेवारीमा पुगेकी कर्णले पत्रकारितामा देखिन थालिएको विकृतीमा सुधारको आवश्यकता समेत औल्याइन् ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १५ वर्ष देखी संचालन हुदै आएको
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरूले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८० श्रावण १२ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ कलेज
रुपनी रोड, राजबिराज-८ (सप्तरी)
फोन नं.-०३१-५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

CTEVT बाट मान्यता प्राप्त
जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
H.A. (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

V-JTA भेटनरी जे.टी.ए.
१८ महिने
P-JTA बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

प्रवेश परिक्षा मिति : २०८०/४/२४ गते

आजै सम्पर्क गर्नुहोस्
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### "स्वच्छ हराभरा नगरपालिका" को परिकल्पनामा केही त्रृटी

"स्वच्छ हराभरा नगरपालिका" को परिकल्पना गरिए बमोजिम राजविराज नगरपालिका के साच्चैको यस्तै बन्दै छ त ! नगरको सरसफाई, बिजुली बत्ति, सवारी पार्किङमा पहिलेको भन्दा निकै सुधार भएको छ । तर, यस बाहेक बजार र हटिया व्यवस्थापन, सडकहरुको अवस्था हेरेर यो परिकल्पना कहिले साकार हुने हो भन्ने कुरामा बहस गर्ने बेला भएको छ ।

यस बाहेक अव्यवस्थित तरिकाले बनिरहेको घरहरुबारे नगरपालिकाले खासै ध्यान दिएको देखिदैन् । बाटोमा बनेको खाल्डो खुल्डोमा वर्षाको पानी जमेपछि बटुवा तथा सवारीसाधनहरुलाई आवतजावत गर्न कठिनाई भइरहेकोप्रति पनि कुनै सुनुवाई छैन् । सहरको मुख्य चौकहरुमा फुटपाथलाई पसलेहरुले कब्जा गरेर नीजि प्रयोग गर्दैआइरहेको प्रति पनि कुनै वास्ता छैन् । यद्दपी नगरपालिकाले केही समयदेखी नगरलाई व्यवस्थित गर्नतर्फ अग्रसर भएको छ । तर, माथि उल्लेखित कार्यहरुमा कहिले ध्यान दिन सकेको छैन् । यहाँ सडक छ, बिजुली बत्ति छ । तर, सडक जिर्ण बन्दै गएको छ भने नगरको सहायक सडकहरुमा बत्ति बल्दैन् । नाला छ, तर ढलको व्यवस्था छैन् । पर्याप्त मात्रामा सार्वजनिक शौचालय नहुँदा व्यक्तिहरुले सास्ती व्यहोर्नु परेको छ ।

तसर्थ मुलुककै पहिलो टाउन प्लानिङ्ग राजविराज नगरपालिकालाई अहिलेको अवस्थाबाट उन्मूख गराउन सम्पूर्ण नगरवासी तथा नगरपालिका हातोमालो गरेर व्यवस्थित गर्नतर्फ अग्रसर हुनैपर्छ ।

# साइबर सुरक्षाको चुनौती र प्रदेश सरकार

काठमाडौँ, १० साउन (रासस) ।

विश्व समुदाय प्रविधिमैत्री मात्रै छैन, प्रविधि नियन्त्रित पनि बन्दै गएको छ । यस्तो अवस्थामा साइबर सुरक्षाको महत्व झनै बढेर गएको छ । साइबर सुरक्षा यति पेचिलो विषय बन्दैछ कि आगामी दिनमा भौतिक आक्रमणका घटनाभन्दा बढी साइबर अपराधका घटना बढी हुनेछ । अबको दुनियाँमा आमनागरिक, प्रशासनिक संरचना र राजनीतिक नेतृत्वलाई डिजिटल साक्षर नबनाई सूचना प्रविधिको विकास र विस्तार हुनै सक्दैन ।

डिजिटल साक्षरताको क्षेत्र आफैँमा व्यापक छ । युरोपेली सङ्घले कुनै पनि व्यक्ति डिजिटल साक्षर हुन उसमा २१ वटा फरक फरक क्षमता हुनु पर्छ भनेको छ । यस्ता २१ वटा क्षमतालाई ५ वटा समूहमा छुट्टयाइएको छ । यीमध्येको एउटा समूह हो, डिजिटल सुरक्षा । डिजिटल सुरक्षालाई साइबर सुरक्षा भनेर पनि बुझिन्छ । इन्टरनेट वा डिजिटल प्रविधिको प्रयोगमा धेरै सुरक्षा चुनौती छन् ।

राजनीतिक, सामाजिक र आर्थिक संरचनाका सबै तहमा साइबर सुरक्षाका चुनौती थपिँदै गएका छन् । एउटा व्यक्तिको तहदेखि, निश्चित समुदाय, क्षेत्र, देश र अन्तर्राष्ट्रिय स्तरसम्मै विभिन्न प्रकृति र प्रवृत्तिका साइबर सुरक्षाका नयाँनयाँ चुनौती आउन थालेका छन् । साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ । तीनै तहका सरकार, गैरसरकारी संस्था, निजी तथा व्यावसायिक प्रतिष्ठानहरू र आमनागरिकको सहकार्यले नै यसलाई सफलतातिर डोऱ्याउने हो ।

कम्प्युटर प्रणालीमा रहेको डाटालाई विश्वमा सुनका रूपमा गणना गर्न थालिएको छ । त्यही सुन जस्तै महंगो डाटा इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र रहेका हुन्छन् । पछिल्लो समय इन्टरनेट र कम्प्युटर नेटवर्कभित्र प्रवेश गरेर अनधिकृत रूपमा पहुँच स्थापित गरी चोरी गर्ने र क्षति पुरयाउने प्रवृत्ति बढदै गएको छ । त्यस्तो अनधिकृत पहुँच स्थापित गर्नुलाई अपराध साइबर मानिन्छ, त्यस्तो अनधिकृत पहुँच स्थापित गर्ने व्यक्ति वा समूहलाई साइबर अपराधी भनिन्छ । त्यस्तो अनधिकृत पहुँच स्थापित गर्न नदिने र अनधिकृत पहुँच स्थापित गर्नेलाई कानुनको दायरामा ल्याउने र अन्य सुरक्षाका उपाय अवलम्बन गरिने प्रणालीको बिकास गर्नुलाई साइबर सुरक्षा भनिन्छ । डाटा र डिजिटल डिभाइसको सुरक्षा गर्न सक्दा मात्र कुनै पनि समाज वा मुलुकले सुरक्षित महसुस गर्न सक्छ ।

नेपाल प्रहरीको साइबर व्युरोमा दर्ता हुने गरेका उजुरीका घटनामा भएको वृद्धिले यो तथ्यलाई पुष्टी गर्छ । साइबर अपराधका घटना नेपालमा बढिरहेका कारण काठमाडौ जिल्ला अदालतमा मात्रै सुनुवाई हुँदै आएको साइबर अपराधसँग सम्बन्धित मुद्दालाई नेपालमा सबै जिल्ला अदालतमा सुनुवाई गर्न सक्ने गरी नेपाल सरकारले निर्णय गरेको छ ।

साइबर अपराध बढेसँगै साइबर सुरक्षालाई विकेन्द्रित गर्दै लैजानु पर्ने भएकाले प्रादेशिक संरचनालाई बलियो बनाउँदै लैजान सक्दा मात्रै सङ्घीयता सुदृढ हुन सक्छ । सङ्घीयतालाई सुदृढ गरेर नै नेपाललाई बलियो बनाउन सकिन्छ । साइबर सुरक्षा प्रणालीलाई बलियो बनाउनका लागि केही सुरक्षाकर्मीलाई जिम्मेवारी सुम्पेर पुग्दैन । साइबर सुरक्षामा परिचालित सुरक्षाकर्मीलाई पनि समयानुकल प्रशिक्षित गरिराख्नु पर्छ । सूचना प्रविधि विषय नै यस्तो हो, जुन विषयमा एक पटक पढेर पुग्दैन, पलपलमा हुने विकास र परिवर्तनका बारेमा जानकारी हासिल गरिराख्नु पर्छ । साइबर सुरक्षामा खटिइने जनशक्ति अपडेट र अपग्रेड भइराख्नुपर्छ ।

साइबर सुरक्षामा चुनौती खडा गर्ने समूह राष्ट्रिय तथा अन्तराष्ट्रिय जहाँ सुकैको हुन सक्छ । त्यो विषयमा सङ्घसँग समन्वय गरी सामना गर्न सक्ने संयन्त्र प्रदेश तहमा आवश्यक हुन्छ । प्रदेशमा प्रादेशिक सूचना प्रविधि आकस्मिक सहायता समूह गठन गरी क्रियाशील तुल्याउनु पर्नेछ । त्यो समूहलाई प्रदेशभरका स्थानीय तहको साइबर सुरक्षाको नियमित अनुगमन गर्ने संयन्त्र बनाउन सकिन्छ ।

साइबर सुरक्षामा आन्तरिक र बाह्य समन्वयको जिम्मेवारी सङ्घीय सरकारले लिनु पर्छ । संविधानको मर्म पनि त्यहि हो । सुरक्षा चुनौतीको आँकलन गरी आवश्यक कारवाहीका लागि सङ्घमा पठाउने, प्रदेशभित्रको साइबर सुरक्षा चुनौतीको सामना गर्ने र त्यसको मूल्याङ्कन गरी आपसी समझदारीमा आवश्यक कारवाही गर्न सक्ने नीतिगत व्यवस्था र संरचना हुन आवश्यक हुन्छ । साइबर सुरक्षाको सचेतना नागरिक तहमा फैलाउनु पर्ने हुन्छ । त्यो काम प्रदेश र स्थानीय तहले जति तल्लो तहमा पुरयाउन सक्छन् सङ्घीय सरकारले सक्दैन । उदाहरणका लागि, सफट्वेयरको विकासमा एकरुपता ल्याउने, डिजिटल सिग्नेचरलाई व्यवस्थित गर्ने, डाटा सुरक्षामा आवश्यक व्यवस्था गर्ने, त्यस्तो काम गर्न सक्ने जनशक्ति उत्पादन गर्न सीप र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ ।

केन्द्रीय डाटा सेन्टरलाई सुरक्षित गर्न पनि प्रादेशिक तहमा साइबर सुरक्षा अप्रेसन सेन्टर राख्न आवश्यक हुन्छ । प्रादेशिक तहमा स्थापना हुने डाटा सेन्टरलाई सुव्यवस्थित रूपमा सञ्चालन गर्न र डाटाको सुरक्षा प्रणालीलाई व्यवस्थित गर्न पनि प्रदेश तहमा दक्ष जनशक्ति आवश्यक हुन्छन् । त्यसलाई प्रोत्साहन गर्ने नीति सङ्घ र प्रदेशले बनाउनु पर्ने हुन्छ । डाटा माथि निगरानी राख्ने र प्रणालीमा कसैले क्षति पुरयाउन लागे नलागेको बारेमा अनुगमन गर्ने व्यवस्था गराउनु पर्ने हुन्छ । प्रदेश तहले गर्न सक्ने काम तत्कालै सुरक्षा गर्ने र प्रदेशले गर्न नसक्ने र अन्तराष्ट्रिय मुद्दा जोडिएर आएमा संघीय सरकारसँग समन्वय गर्ने गराउने व्यवस्था मिलाउन आवश्यक हुन्छ । साइबर सुरक्षासँग सम्बन्धित सूचना सङ्कलन गर्न पनि दक्ष जनशक्ति आवश्यक हुन्छ । दक्ष जनशक्ति उत्पादन गर्न प्रदेशलाई परिचालन गर्न सकिन्छ ।

सङ्घीय नीतिमा तालमेल मिलाएर प्रदेश र स्थानीय विशेषताका आधारमा साइबर सुरक्षा रणनीति लागू गर्नु पर्ने हुन्छ । उक्त रणनीतिमा मेल खानेगरी ऐन कानुनहरू निर्माण गर्नु पर्ने हुन्छ । त्यस्तो विषयमा सङ्घीय सरकारले प्रोत्साहित गर्ने नीति बनाउनु पर्ने हुन्छ । साइबर सुरक्षा प्रदेश सरकारको पनि क्षेत्राधिकारभित्रको विषय हो । त्यसैले साइबर सुरक्षाका बारेमा सङ्घीय सरकारलाई मात्र पर्खिएर हुँदैन, प्रदेश सरकारले पनि केही गर्नुपर्छ भन्ने लागिपरेको छ ।

समग्रमा साइबर सुरक्षाको नेतृत्व सङ्घीय सरकारले गर्ने र चुनौतीको सामना गर्न आवश्यक कार्य गर्न प्रदेश र स्थानीय तहलाई परिचालन गर्ने योजना बनाउनु पर्ने हुन्छ । सङ्घीय सरकारले साइबर सुरक्षा नीति बनाइरहेको बुझिन आएको छ । उक्त नीतिमा संस्थागत संरचना बनाउँदा ध्यान पुऱ्याउनु पर्ने देखिन्छ । एकात्मक चिन्तन र सोचले साइबर सुरक्षा

*बाँकी तीन पृष्ठमा*

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

**डा. सन्तोष प्रसाद शाह**
**Dr. Santosh Prasad Sah**
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

**डा. यमेश यादव**
**Dr. Yamesh Yadav**
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
**कृताञ्जली मेडिकल हँल**
**राजविराज**
Mo. No : 9842830252, 9804605569

## बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौ र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# तथ्याङ्कमा काठमाडौं जिल्ला : जनघनत्व र जनसंख्या सबैभन्दा बढी

काठमाडौँ, १० साउन (रासस) ।

राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदनअनुसार सङ्घीय राजधानी काठमाडौँ सबैभन्दा धेरै जनसङ्ख्या र जनघनत्व भएको जिल्ला हो ।

देशका अरू जिल्लाको तुलनामा काठमाडौँमा सबैभन्दा धेरै २० लाख ४१ हजार पाँच सय ८७ जनसङ्ख्या रहेको छ । सबैभन्दा कम जनसङ्ख्या भएको जिल्ला भने मनाङ हो । मनाङको जनसङ्ख्या पाँच हजार छ सय ५८ जना छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनघनत्व प्रतिवर्ग किलोमिटर एक सय ९८ जना छ । दश वर्षअघि अर्थात् २०६८ सालको जनगणनामा जनघनत्व प्रतिवर्ग किलोमिटर एक सय ८० जना थियो । अहिले तराई क्षेत्रमा प्रतिवर्ग किलोमिटर चार सय ६० र हिमाली क्षेत्रमा प्रतिवर्ग किलोमिटर ३४ जना जनघनत्व रहेको छ ।

जिल्लागत रूपमा भने सबैभन्दा धेरै जनघनत्व काठमाडौँमा रहेको छ । काठमाडौँमा प्रतिवर्ग किलोमिटर पाँच हजार एक सय ६९ जना रहेका छन् । सबैभन्दा कम जनघनत्व मनाङमा छ । मनाङमा प्रतिवर्ग किलोमिटर तीन जना मात्रै जनघनत्व रहेको छ । काठमाडौँको जनसङ्ख्या हेर्दा १० लाख ३५ हजार सात सय २६ जना पुरुष र १० लाख पाँच हजार आठ सय ६१ जना महिला रहेका छन् ।

काठमाडौँमा प्रतिघरधुरी औसत जनसङ्ख्या तीन दशमलव ७५ जना छ । यहाँको जनसङ्ख्यामा सबैभन्दा धेरै २० देखि २४ वर्ष उमेर समूहका व्यक्तिको सङ्ख्या दुई लाख २६ हजार छ सय ६० जना छ ।

जुन काठमाडौँ जिल्लाको कुल जनसङ्ख्याको ११ दशमलव १० प्रतिशत बराबर हो । त्यस्तै, २५ वर्षदेखि २९ वर्ष उमेर समूहको जनसङ्ख्या दुई लाख १५ हजार एक सय २० जना छ । यो जिल्लामा ९० वर्ष माथिका नौ सय ८० जना हुनुहुन्छ । काठमाडौँ जिल्लामा मात्र पाँच लाख ४२ हजार आठ सय ९२ परिवार बसोबास गर्छन् । जसमध्ये तीन लाख ६२ हजार एक सय ४७ परिवारको मूली पुरुष र एक लाख ८२ हजार सात सय २० परिवारको घरमूली महिला रहेका छन् ।

काठमाडौँमा कूल विवाहितको सङ्ख्या १७ लाख ८८ हजार ६२ जना छ । जसमध्ये विवाहित पुरुषको सङ्ख्या आठ लाख ९८ हजार तीन सय ५२ र विवाहित महिलाको सङ्ख्या आठ लाख ८९ हजार सात सय १० जना रहेको छ ।

यहाँ छयालीस हजार ९६ विधवा र नौ हजार सात सय ५५ विदुर रहेका छन् । एक हजार तीन सय ३८ जना पुरुष र दुई हजार आठ सय ४४ जना महिलाले पारपाचुके गरेर बसेको तथ्याङ्कमा उल्लेख छ ।

यो जिल्लामा पाँच वर्षभन्दामाथि उमेरका ५२ हजार नौ सय ५२ जना पुरुष र एक लाख ४४ हजार तीन सय ९५ जना महिला गरी कुल एक लाख ९७ हजार तीन सय ४७ जनाले लेख्न र पढ्न सक्दैनन् । एक लाख ४९ हजार आठ सय ६ जना पुरुष र एक लाख ३४ हजार ५६ जना महिलाले प्राथमिक तहको मात्रै शिक्षा लिएका छन् ।

खाना पकाउनका लागि काठमाडौँका १० हजार दुई सय ७५ परिवारले अहिले पनि दाउरा प्रयोग गर्ने गरेको देखिएको छ । त्यस्तै, पाँच लाख २६ हजार नौ सय ३१ परिवारले खाना पकाउने ग्यास, चार हजार छ सय ९४ परिवारले बिजुली, पाँच सय ६१ परिवारले बायो ग्यास, एक सय ५७ परिवारले मट्टितेल र दुई सय ७४ परिवारले अन्य स्रोत प्रयोग गर्छन् ।

काठमाडौँका पाँच सय ७५ परिवारले शौचालय सुविधा पाउन सकेका छैनन् भने एक हजार तीन सय पाँच परिवारले सार्वजनिक शौचालय प्रयोग गर्छन् । काठमाडौँ जिल्लामा १० वर्ष उमेर समूहभन्दा माथिका तीन लाख ४९ हजार दुई सय ७४ जना पुरुष र पाँच लाख तीन हजार दुई सय ८१ जना महिला गरी आठ लाख ५२ हजार पाँच सय ५५ जना कुनै पनि आर्थिक कार्यमा नजोडिएको राष्ट्रिय जनगणनाको तथ्याङ्कले उल्लेख गरेको छ ।

पछिल्लो एक वर्षमा कुनैपनि आर्थिक आर्जनको क्रियाकलापमा नजोडिएका व्यक्तिमध्ये तीन लाख ७६ हजार नौ सय ५४ जना विद्यार्थी, एक लाख ९८ हजार छ सय ३० जना घरायसी काममा लागेका व्यक्ति, ६३ हजार एक सय तीन जना वृद्ध  तथा १६ हजार ११ जना शाररिक रूपमा अशक्त छन् । पाँच लाख १२ हजार चार सय २७ जना जागिरमा रहेको, ३२ हजार तीन सय ८८ जनाले अरुलाई जागिर दिइरहेको, दुई लाख ८२ हजार पाँच सय ५२ जनाले आफ्नो व्यवसाय सञ्चालन गरिरहेको र एक लाख आठ हजार १३ जनाले पारिपारिव व्यवसायमा सघाइरहेको उल्लेख गरिएको छ ।

अठार वर्षभन्दा मुनिका बालबालिकाको सङ्ख्या पाँच लाख आठ हजार तीन सय ९९ जना रहेकोमा आमाबुबा दुवै अविभावकसँग बस्नेको सङ्ख्या चार लाख दुई हजार एक सय ७४, आमासँग मात्रै बस्नेको सङ्ख्या ५५ हजार तीन सय ६९, बुबासँग मात्रै बस्नेको सङ्ख्या सात हजार दुई सय, बुबा र सौतेनी आमासँग बस्नेको सङ्ख्या आठ सय ७७, आमा र सौतेनी बुबासँग बस्नेको सङ्ख्या दुई सय २८, अन्य नातेदारसँग बस्नेको सङ्ख्या २८ हजार तीन सय ४३ र रोजगारदाताले पालनपोषण गरिरहेकाको सङ्ख्या नौ सय ७१ जना रहेको छ ।

काठमाडौँमा दुई लाख ५८ हजार एक सय ३८ आवासीय प्रयोजनका, २४ हजार चार सय ७६ वटा व्यावसायिक तथा व्यापारिक प्रयोजनका, तीन हजार एक सय ७५ वटा सरकारी, तीन हजार एक सय २५ वटा शैक्षिक, ६ सय ६७ वटा स्वास्थ्य क्षेत्रका, तीन हजार आठ सय ९२ वटा उद्योग क्षेत्रका, छ सय ६४ वटा बैंक तथा वित्तीय क्षेत्रका, तीन हजार २४ वटा होटल तथा लज, चार हजार दुई सय ७६ वटा भण्डारण तथा गोदाम रहेका भवन रहेका छन् ।

# काठमाडौं विश्वविद्यालय र मधेस विश्वविद्यालयले सहकार्य गर्ने

काठमाडौँ, १० साउन (रासस) ।

काठमाडौँ विश्वविद्यालय र मधेस विश्वविद्यालयले स्नातक र स्नातकोत्तर तहका दुई विषयमा संयुक्त रूपमा अध्यापन गराउन सहमति गरेका छन् । काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा भोला थापा र  मधेस विश्वविद्यालयका उपकुलपति डा दीपक शाक्यले मङ्गलबार सम्झौता पत्रमा हस्ताक्षर गर्नुभएको थियो ।

सम्झौताअनुसार स्नातक तहमा जनप्रशासन तथा व्यवस्थापन र स्नातकोत्तर तहमा सङ्घीय शासन तथा जनप्रशासन विषय संयुक्त रूपमा अध्यापन गराइने  छ ।

काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा थापाले मधेस प्रदेश सरकारद्वारा गत वर्ष स्थापित मधेस विश्वविद्यालयसँगको सहकार्यले मधेस प्रदेशमा उच्च शिक्षाको विकासमा सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो । मधेस विश्वविद्यालयका उपकुलपति डा शाक्यले स्थापनाको पहिलो वर्षमै काठमाडौँ विश्वविद्यालयसँगको सहकार्यले आगामी दिनमा मधेस विश्वविद्यालयले गुणस्तरीय शिक्षा दिनका लागि थप प्रेरित गर्ने बताउनुभयो ।

काठमाडौँ विश्वविद्यालयले यस अघि गण्डकी  र लुम्बिनी बौद्ध विश्वविद्यालयसँग पनि संयुक्त रूपमा अध्यापनका लागि सहकार्य गरिसकेको छ । काठमाडौँ विश्वविद्यालय अष्ट्रेलियाको वेष्टर्न सिड्नी विश्वविद्यालय, अमेरिकाको जर्ज मेसन विश्वविद्यालय र भारतको आइआइटी मद्राससँग समेत सहकार्य गरिसकेको छ । सम्झौताअनुसार विद्यार्थीले स्नातकोत्तर तहमा तीन सेमेष्टर भर्ना भएको विश्वविद्यालय र  र बाँकी एक सेमेष्टर सम्बन्धित विश्वविद्यालयमा अध्ययन गर्न सक्नेछन् ।

यसका लागि दुवै विश्वविद्यालयले पाठ्यक्रम निर्माणदेखि अन्य विषय आपसी सहमतिमा तय गर्ने सहमति गरेका छन् । यसैगरी विद्यार्थीको प्रमाणपत्रमा दुवै विश्वविद्यालयको छाप रहने र विद्यार्थीले दुवै विश्वविद्यालयको दीक्षान्त समारोहमा भाग लिनुपर्नेछ ।

यसबाट विद्यार्थीले विश्वस्तरीय शिक्षा प्राप्त गर्नाका साथै कम शुल्कमा विदेशी विश्वविद्यालयमा अध्ययन गर्न पाउने काठमाडौँ विश्वविद्यालयको भनाइ छ ।

## साइबर सुरक्षाको ...

हुन सक्दैन । त्यसैले सङ्घीय नीति बनाउँदा संविधानको मर्म र भावनालाई आत्मसाथ गर्नु पर्ने हुन्छ ।

नेपालको संविधान, २०७२ ले निर्देशित गरेअनुसार बनेको प्रदेश कार्यविभाजन नियमावलीले सूचना प्रविधि क्षेत्रको प्रवर्द्धन र डिजिटल साक्षरताको विषयलाई प्रदेश सरकारको पनि जिम्मेवारीभित्र समेटेको छ । साइबर सुरक्षा रणनीति, नीति र कानुन बनाएर कार्यान्वयन गर्न निर्देशक समितिमा साइबर सुरक्षा विज्ञ त रहन्छन नै, प्रदेशमा सञ्चार हेर्ने मन्त्री, गाउँपालिका महासङ्घ र नगरपालिका सङ्घको प्रतिनिधि रहन आवश्यक हुन्छ । साइबर सुरक्षाको समन्वय तथा सहजीकरण समितिमा प्रदेशका सञ्चार हेर्ने मन्त्रालयका सचिवको प्रतिनिधित्व हुनु पर्ने हुन्छ । राष्ट्रिय साइबर सुरक्षा रणनीतिक कार्य समूहमा प्रदेशको सञ्चार हेर्ने निकायको प्रमुखको प्रतिनिधित्व हुनु पर्ने हुन्छ । त्यसो हुँदा सङ्घ र प्रदेशमा समन्वय हुन्छ र जुनसुकै स्थानीय तहलाई पनि त्यही संयन्त्रभित्र ल्याउन उपयुक्त हुन्छ ।

बागमती प्रदेशमा सूचना प्रविधि र साइबर सुरक्षासँग सम्बन्धित विषयमा कानुन निर्माण गरी कार्यान्वयनमा लैजाने तयारीमा छ । सङ्घीय साइबर सुरक्षा नीति आएसँगै हामी प्रदेशमा पनि साइबर सुरक्षासँग सम्बन्धित बिषयमा सरोकारवालासँग छलफल गरी कार्यान्वयन गर्न सकिने कानुन निर्माण गर्नेछौँ । सूचना प्रविधिको विकास र यसले निम्त्याएका चुनौतीको सामना एक्लै गर्न सकिन्न, प्रदेश, स्थानीय तह र सङ्└ घ मिलेर नै सामना गर्नुपर्ने हुन्छ । (लेखक बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री एवं प्रदेश सरकारको प्रवक्ता हुनुहुन्छ)

## विश्व समाचार

### हिन्दीलाई विश्वभाषा बनाउने प्रयासमा भारत

न्युयोर्क, १० साउन (रासस/एएनआई) ।

भारतले हिन्दीलाई विश्वभाषा बनाउने प्रयास थालेको छ । भाषिक विविधताको मूल्य र हिन्दीलाई विश्वव्यापी भाषाको रूपमा प्रवर्द्धन गर्न भारत सरकारले संयुक्त राष्ट्रसङ्घलाई दश लाख अमेरिकी डलर प्रदान गरेको छ ।

संयुक्त राष्ट्रसङ्घका लागि भारतका स्थायी प्रतिनिधि रुचिरा कम्बोजले राष्ट्रसङ्घको विश्व सञ्चार विभागकी उपसचिव मेलिसा फ्लेमिङलाई उक्त रकम बराबरको चेक हस्तान्तरण गर्दै बहुभाषिकताको बृहत्तर उद्देश्य तथा भाषागत समावेशिता प्रवर्द्धनमा भारत सरकारको यो योगदानबाट सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

यो सहयोगबाट विश्वसंस्थाले हिन्दी भाषालाई बढी प्रयोग गर्नाका साथै त्यसबाट अन्तर्राष्ट्रिय मामिलामा हिन्दी भाषीको संलग्नता पनि बढाउने विश्वास भारतीय राजदूतले व्यक्त गर्नुभयो । भारत सरकारले हिन्दी भाषाको प्रवर्द्धनका लागि निरन्तर सहयोग गर्ने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभएको छ ।

संयुक्त राष्ट्रसङ्घका गतिविधिको मल्टिमिडिया सामग्री र समाचारको उत्पादन, हिन्दीभाषी सर्वसाधारणसमक्ष फेसबुक, इन्स्टाग्राम, ट्वीटरलगायत सामाजिक सञ्जालमा पोष्ट गर्न तथा हिन्दी भाषा बोल्नेहरूको आवाजलाई विश्वव्यापीस्तरमा पुर्‍याउन सहायता रकम उपयोग हुने बताइएको छ ।

विश्वव्यापीरूपमा सबैभन्दा धेरै बोलिने भाषामध्ये हिन्दी पनि एक हो । विशेषगरी यो भाषा भारतमा बोलिन्छ भने अन्य राष्ट्रमा पनि यो भाषा बोल्ने छन् । भारतले संयुक्त राष्ट्रसङ्घमा हिन्दीको प्रयोगलाई प्रोत्साहन गर्नुको मुख्य कारण हिन्दी भाषीलाई विश्वव्यापी मान्यता दिनु हो ।

राष्ट्रसङ्घको ‘मल्टिमिडिया प्लेटफर्म’ बाट हिन्दी भाषामा समाचार, विचार, विश्लेषणलगायत सामग्री प्रकाशन एवम् प्रसारण भएपछि हिन्दी भाषीहरूलाई अन्तरराष्ट्रिय  विषयमा बुझ्न र त्यसबारेका बहसहरूमा अझ सक्रिय रूपमा भाग लिन तथा अन्तरराष्ट्रिय समुदायमा थप समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न सहयोग पुग्ने भारतको स्थायी नियोगले जनाएको छ ।

नियोगका अनुसार बहुल संस्कृति र समूहमा सञ्चार गर्न तथा आपसी समझदारीलाई बढावा दिने प्रयासस्वरुप राष्ट्रसङ्घलाई अनुदान रकम उपलब्ध गराइएको हो । भाषिक समावेशीकरणका माध्यमबाट विविधतापूर्ण र समान संस्कृतिको प्रवर्द्धनका साथै विभिन्न भाषिक समूहबीचको खाडललाई कम गर्दै हिन्दी भाषी जनसङ्ख्यालाई बलियो बनाउँने तथा विश्वव्यापी घटनाहरूमा उनीहरूको सक्रिय संलग्नतालाई बढाउने नियोगको विश्वास छ ।

### एक वर्षपछि सिङ्गापुरमा चौधौँ मृत्युदण्ड

सिङ्गापुर, १० साउन (रासस/एएफपी) ।

मृत्युदण्डलाई प्रभावकारी अपराध निरोधक दाबी गर्दै आएको सिङ्गापुरले लागुऔषध तस्करीमा दोषी ठहरिएका ५७ वर्षीय मोहम्मद अजिज बिन हुसेनलाई मृत्युदण्ड दिएको छ ।

कोरोना महामारीका बेला स्थगन गरिएको मृत्युदण्डको सजायलाई गतवर्षदेखि पुनःथालिएको छ । यो वर्ष कार्यान्वयन गरिएको यो चौधौँ कठोर सजाय हो । पचास ग्राम हेरोइन तस्करी गरेको अभियोगमा दोषी ठहर भएका उनलाई चङ्गी जेलमा बुधबार मृत्युदण्ड दिइएको केन्द्रीय लागू औषध नियन्त्रण विभागले एक विज्ञप्ति निकालेर जनाएको छ ।

अधिकारवादी सङ्गठन ट्रान्सफर्मेटिभ जस्टिस कलेक्टिभ ( टिजेसी)र एम्नेस्टी इन्टरनेशनलले निर्धारित मृत्युदण्ड रोक्न गरेको आग्रहको बेवास्ता गर्दै उनको प्राण हरण गरिएको हो । राष्ट्रपतिसमक्ष गरिएको क्षमा याचनाको अपील पनि अस्वीकार भएको थियो ।

यसैगरी, तीस ग्राम हेरोइन तस्करी गरेको अभियोगमा मृत्युदण्डको सजाय सुनाइएकी ४५ वर्षीया सरिदेवी जामानीलाई शुक्रबार फाँसी दिइनेछ । सन् २०१८ मा उनलाई मृत्युदण्डको सजाय सुनाइएको थियो ।

सिङ्गापुरले २० वर्षपछि पहिलोपटक महिलालाई झुन्ड्याएर मृत्युदण्ड दिन लागेको हो । बीस वर्षअघि कपाल काट्ने एक महिलालाई यस्तै अपराधमा मृत्युदण्ड दिइएको थियो ।

सिङ्गापुरले लागुऔषध नियन्त्रणको नाममा मृत्युदण्ड दिने क्रम जारी राख्नु अनुचित भएको टिप्पणी एम्नेस्टीले गरेको छ । विश्वका धेरै देशले मृत्युदण्डको सजाय परित्याग गर्दै लागू औषधसम्बन्धी मुद्दा सम्बोधनका निम्ति उदार नीति अङ्गीकार गरिरहेको परिप्रक्ष्यमा सिङ्गापुरले त्यसलाई मनन नगर्नु दुर्भाग्यपूर्ण भएको एम्नेस्टीले बताएको छ ।

कोभिड-१९ को महामारीमा दुई वर्षको अन्तरालपछि सरकारले फाँसीको सजाय पुनःकार्यान्वयन गरेपछि कम्तीमा १३ जनालाई फाँसी भइसकेको छ ।

# आन्दोलनकारीलाई फुटाउने खेल गर्न थाल्यो : मिटरब्याजी पीडित



**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

साहु महाजनले पीडितलाई प्रलोभनमा फसाइ आन्दोलन तुहाउने तथा आन्दोलनकारीलाई फुटाउने खेल गर्न थालेको मिटरब्याजी पीडितहरुले गुनासो गरेका छन् ।

बुधवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी उनीहरुले यस्तो गुनासो गर्दै पीडितहरुले प्रतिनिधिसभाबाट पारित भईसकेको मिटरव्याजी सम्बन्धि विधेयक राष्ट्रिय सभामा रोकिएकोमा तीब्र असन्तुष्टि जनाउँदै अविलम्ब पारित गर्न माग समेत गरेका छन् ।

पत्रकार सम्मेलनमा मिटरव्याजी पीडित मध्येका एक प्रमोद साहले जिल्लाको केही प्रतिष्ठित उद्योगपतिको नामै किटेर खुंखार मिटरव्याजी रहेको भन्दै उनीहरुलाई पनि छानविनको दायरामा ल्याउन स्थानीय प्रशासनसँग माग गरे ।

उनले विगतमा साहुँ महाजनद्वारा पीडितहरुबाट बनाइएको तमसुक खारेज हुनुपर्ने, प्रतिनिधिसभाबाट पास भएको अध्यादेश राष्ट्रियसभाबाट पारित हुनुपर्ने, हडपेको जग्गा र सम्पत्ति फिर्ता हुने पर्ने र मिटर ब्याजीलाई कडा कारवाई हुनु पर्ने आफुहरुको मुख्य माग रहेका बताए ।

पत्रकार सम्मेलनमा आर्का मिटरब्याजी पीडित उसमान मियाँले जिल्लामा परेका पीडितहरुको निवेदन उपर छिटो छरितो कारवाईका लागि एक जना पीडित, एक जना पीडक र एक जना प्रशासनको प्रतिनिधि राखेर दैनिक ५ देखि १० वटा मुद्दाको निरुपन हुने पर्ने माग गरे ।

# नागरिक समाजका अध्यक्ष भन्सालीलाई मानवअधिकार पुरस्कार

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

मानवअधिकार र सामाजिक जागरणको अभियानमा क्रियाशिल नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली वैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित हुने भएका छन् ।

वैद्य-प्रकाश मानवअधिकार पुरस्कार कोषको वैठकले २०८० का लागि प्रजातान्त्रिक, संघीय लोकतान्त्रिक, मधेस आन्दोलनमा सक्रिय रही हाल महिला,



बालबालिका तथा ज्येष्ठ नागरिकको चेतना अभिवृद्धिका लागि कटिबद्ध र निरन्तर क्रियाशील सप्तरीको राजविराज नगरपालिका ७ का ७२ वर्षीय भन्सालीलाई सम्मानित गर्ने निर्णय गरेको जनाएको छ ।

राजविराजको उद्योग, व्यापारको विकासमा समर्पित रही अल्पसंख्यक मारबाडी समुदायको अभिभावकत्व समेत गर्दै आएका भन्सालीले नागरिकको चेतना, मानवअधिकारको संरक्षण, लैङ्गिक हिंसा र लागु पदार्थविरुद्धको जागरण अभियानमा प्रशंसनीय योगदान गर्नुका साथै गरिब, दिन दुखीलाई सहयोग गर्दै आएका छन् ।

मानवअधिकारका अथक योद्धा प्रकाश काफ्लेको स्मृतिमा आगामी साउन १६ गते राजविराजस्थित नेपाल पत्रकार महासंघको भवनमा सम्मानको कार्यक्रम गरिने कोषका संस्थापक प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झाले जानकारी दिए । कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहीर ठाकुरले सम्मानपत्र हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

# लागुऔषधसहित युवक पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १० साउन ।**

सप्तरीको अग्निसाईर कृष्णसावरण गाउँपालिका ६ महुली बजारबाट प्रहरीले एक यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

गोप्य सुचनाको अधारमा प्रहरी टोलिले मंगलबार स्थानिय २२ वर्षिय मो. अजादलाई चेकजाँच गर्ने क्रममा लागुऔषधसहित पक्राउ गरेको हो ।



प्रहरीले उनका साथमा रहेको झोलाबाट डाईजेपाम १६ पिस एम्पुल, लिजेसिक २४ पिस एम्पुल, फेनारगन १७ पिस एम्पुल बरामद गरेको हो ।

बरामद गरिएको लागु औषधसहित अजादलाई नियन्त्रणमा लिई बुधबार सप्तरी जिल्ला अदालतवाट म्याद थप गराई अनुसन्धान कार्य शुरु गरिएको जनाइएको छ ।

# दुर्घटनामा अनुसन्धान निरीक्षक साहको मृत्यु

सर्लाही, १० साउन (रासस) ।

सर्लाहीको ईश्वरपुर नगरपालिका-९ स्थित खोरिया टोलमा मोटरसाइकल दुर्घटनामा परी एक अनुसन्धान निर्देशकको मृत्यु भएको छ ।

फुलजोर त्रिभुवननगर हुलाकी सडकअन्तर्गत ईश्वरपुर नगरपालिका-९ स्थित खोरिया टोलमा भएको उक्त दुर्घटनामा ईश्वरपुर नगरपालिका-६ बयलवास घर भएका राष्ट्रिय अनुसन्धानका अनुसन्धान निरीक्षक २९ वर्षीय वसन्त साहको ज्यान गएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । राष्ट्रिय अनुसन्धान कार्यालय मलङ्गवामा कार्यरत अनुसन्धान निरीक्षक साह मङ्गलबार कार्यालयको काम सकेर घर आउँदै गर्दा दुर्घटनामा पर्नुभएको हो । उहाँको शव बुधबार बिहान भेटिएको प्रहरीले जनाएको छ ।

दुर्घटनाबारे अनुसन्धान अगाडी बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारूले जानकारी दिनुभयो ।

### *कोशी पीडितद्वारा...*

भारतीय पक्षले डुबान क्षेत्रको मुआब्जा दिने भने पनी न दिएको तथा नेपाल सरकारले पनि सम्झौता कार्यान्वयनका लागी ठोस पहल नगरेको उनले गुनासो पोखे ।

वि.स. २०११ सालमा नेपाल-भारत बीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अर्न्तगत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ ।

सुनसरीको चतरादेखि भारतीय सीमा क्षेत्र कुनौली बोडर सम्म दुबै तटबन्ध बीचमा पर्ने हज्जारौ विगहा बाली कोशीको बाढीले वर्षेणी क्षति हुने गरेको भएपनि यसको क्षतिपुर्ती प्राप्त नभएको पीडितहरुको गुनासो छ ।

किसानहरुको हजारौ विगहा जग्गा कटान भएको तथा बालीमा भएको क्षतिका बारेमा सन २०१३ मा दिल्लीमा भएको नेपाल-भारत सिंचाई जलश्रोत मन्त्री स्तरिय बैठक तथा सन् २०१४ मा काठमाण्डौमा आयोजित विदेश मन्त्री स्तरीय बैठकमा समेत सो विषय समावेश भए पनि आश्वासन बाहेक केही पाउन नसकेको संघर्ष समितिका सल्लाहकार नागेन्द्र झाको भनाई छ ।

संघर्ष समितीले कोशी सम्झौताको भारत सरकारबाट पालना र कार्यान्वयन हुनुपर्ने, बाली नालीको क्षतिपुर्ती पाउने पर्ने तथा १ सय १९ वर्षको लिजमा रहेको नेपाली किसानको जग्गा जमिनको सरक्षा तथा नाप, नक्शा अविलम्ब गर्नू पर्ने मुख्य माग रहेको जनाएका छन् ।

"राजविराज शहर, समृद्ध-हरित नगर"

## ७ नं. वडा कार्यालय
## राजविराज नगरपालिका
### राजविराज, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१
चलानी नम्बर :

सूचना ! सूचना !! सूचना !!!

मिति:२०८०/०४/१०

विषय :- हटिया क्षेत्र भित्र सार्वजनिक जग्गा खाली गर्ने सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको राजविराज हटिया क्षेत्रमा विटौरी जग्गा आफ्नो नाममा भएको क्षेत्र बाहेक कुनै किसिमले ओगेटेको सम्पूर्ण सार्वजनिक जग्गा खाली गर्न पटक पटक सूचना जारी गरिए पनि खाली नभएकोले नगर कार्यपालिकको निर्णय बमोजिम मिति २०८०/०४/१२ गते दिनको १२:०० बजे भित्र खाली गर्नु/गराउनु हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । तोकिएको समय अवधिमा खाली नगरेमा कानून बमोजिम कार्यवाहीका लागि सिफारिस गरिनेछ साथै खाली गराउदा हुने क्षतिको जिम्मेवार स्वयम् सम्बन्धित व्यक्ति हुने व्यहोरा समेत अनुरोध छ ।

सुभाष चन्द्र यादव
वडा अध्यक्ष


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**
**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**



**पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं**

- पानीका मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने टयाङ्की समयसमयमा सफा गरौं।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np